# पाँचखाल नगरपालिका, काभ्रेपलान्चोक

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

## आर्थिक वर्ष २०७९/०८०



| **आयोजक** | **साझेदारी** | **सहजकर्ता** |
|---|---|---|
| पाँचखाल नगरपालिका, काभ्रेपलाञ्चोक | चाँदनी जोशी फाउण्डेशन, काठमाण्डौ | नमोबुद्ध प्राविधिक तथा सामाजिक अध्ययन तथा परामर्श केन्द्र, काठमाण्डौ |

# विषय सूची

**परिचय खण्ड**
१. पृष्ठभूमि ३
२. अध्ययनको महत्व ३
३. लै.स.सा.स. परीक्षणको उद्देश्यहरु ५
४. लै.स.सा.स. परीक्षणले समेटने क्षेत्रहरु ५
५. लै.स.सा.स. परीक्षणको विधि, तरिका तथा चरणहरु ६
६. लै.स.सा.स. परीक्षणका सहभागीहरु ९

**तथ्याँङ्क प्रस्तुतिकरण खण्ड**
७. तथ्याँक प्रस्तुतिकरण र व्याख्या १४

**अध्ययन तथा विश्लेषण खण्ड**
८ लै.स.सा.स. परीक्षण विश्लेषण औजारहरु १५
९ तथ्याङ्कको अध्ययन तथा विश्लेषण १५

**मुख्य उपलब्धिहरु**
१०. लै.स.सा.स. परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था १६
१०.१. परीक्षण पश्चात् प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरुको लेखाजोखा १८
१०.२. लै.स.सा.स. परीक्षण नतिजाको माकुरे जालो १९
११.गाउँपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु २०
१२. लै.स.सा.स. विकास कार्ययोजना र कार्यान्वयन कार्यतालिका २७

निश्कर्ष ३२
सुझावहरु ३३

**अनुसुचिहरु** **३४**

# परिचय खण्ड

## १. पृष्ठभूमी

नेपालको सविधान २०७२ को प्रस्तावनामा लैङ्गिक  विभेद अन्त्य गरी  विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागिता मूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । महिलाको हक सम्बन्धी धाराले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकार, राज्यका सबै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरूलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरू, सामाजिक र सांस्कृतको रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि संविधानमा विशेष प्रावधानहरूको थप व्याख्या गरको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागीताको अधिकार स्थापना गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण -लैससास_ सम्बन्धी व्यवस्था गरेको छ । त्यसैगरी वडा समितिको काम, कर्तव्य र अधिकारमा तथ्यांक अध्यावधिक तथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन गर्ने, विकास कार्य अन्तर्गत बालविवाह, बहु–विवाह, लैंङ्गिक हिंसा अन्त्य गर्ने आदिको व्यवस्था गरिएको छ । स्थानीय तहको योजना तर्जुमा तथा कार्यान्वयन अन्तर्गत योजना तर्जुमा महिला तथा पिछडिएको वर्गको सहभागिता सुनिश्चित गर्दै महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने योजना छनौटमा जोड दिनुले लै.स.सा.स .प्रवर्द्धन गर्ने व्यवस्था गरिएको बुझिन्छ ।

समानताको हक अन्तर्गत सामाजिक र सांस्कृकित रुपले पछाडि पारिएका समुदाय समेतको संरक्षण, सशक्तिकरण र विकासको लागि संविधानले विशेष प्रावधानहरुको थप व्याख्या गरेको छ । सामाजिक न्यायको हकले राज्यका हरेक सरकारहरुमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकारको व्यवस्था गरेको छ । राज्यका नीतिहरुमा सामाजिक न्याय र समावेशीकरण सम्वन्धी नीतिहरु सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदाय भित्रका आर्थिक रुपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने उल्लेख गरिएको छ ।

स्थानीय तहको लागि लै.स.सा.स. परीक्षण दिग्दर्शन २०७८ अनुसार स्थानीय सरकारहरूले वर्षमा एक पटक आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र लै.स.सा.स .परीक्षण गरी सक्नुपर्छ । लै.स.सा.स .परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीय सरकारले एक कार्यदल गठन समेत गर्नुपर्दछ ।

यसै सन्दर्भमा स्थानीय सरकारले यस प्रावधान अनुसार स्थानीय सरकारले आफनो क्षेत्रमा रहेको महिला, दलित, जनजाति तथा पिछडिएका वर्गहरुको विकासका लागि केही प्रयासहरु पनि छन । स्थानीय तहले लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्र भएका प्रगतिलाई संस्थागत गर्न र यसलाई अझ प्रभावकारी ढंगले अगाडी बढाउनको लागि तत सम्बन्धी नीति तथा कानुन तर्जुमा  गर्न  आवश्यक छ ।

## २. अध्ययनको महत्व

बागमती प्रदेश काभ्रेपलाञ्चोक जिल्लामा अबस्थित पाँचखाल नगरपालिका जिल्लाको तत्कालिन पाँचवटा गाविसहरु समेटी नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको मिति २०७१ बैशाख २५ गतेको मन्त्रीस्तरीय निर्णयबाट पारित भै स्थापना भएको हो । यस नगरपालिकामा समेटिएका साविकका पाँच गाविसहरु क्रमशः पाँचखाल, होक्सेबजार, देवभुमि, वालुवा, अनैकोट र साठीघर भगवती हुन् । साथै मिति २०७३।११।२७ को नेपाल सरकारको निर्णय अनुसार थप साबिकका दुई खरेलथोक र कोशीदेखा गाविस गरि सात ओटा साविकका गाविसहरु मिलि संघियता पश्चातको पाँचखाल नगरपालिका बनेको हो । यस नगरपालिकाको कुल क्षेत्रफल १०३ वर्ग किमि रहेको छ  भने कुल जनसंख्या ३७७९७ रहेको छ । हाल १३ वटा वडामा विभाजन गरिएको यस नगरपालिका काभ्रेपलाञ्चोक जिल्लाको क्षेत्रफलको आधारमा दोश्रो ठुलो नगरपालिकाको रुपमा रहेको छ । (श्रोतः न.पा. वेबसाइट)

हामी सबैलाई अवगतनै छ कि नेपालको संविधानले समाजमा विद्यामान सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसाथ गरी विविधता बीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबध्दता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्धन गर्ने प्रतिवद्धता जनाएको छ । साथै संविधानले वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प लिएको छ ।

संविधानले आत्मसाथ गरेको लै.स.सा.स सम्बन्धी मुल्य तथा मान्यतालाई व्यवहारमा उतार्नको लागि सबै स्थानीय सरकारको भुमिका अहंम छ । यसको लागि स्थानीय सरकारले योजनाबद्ध तरिका काम गर्न जरुरी छ । स्थानीय सरकार नागरिकसंग प्रत्यक्ष सहभागितामा र नजिक भएर कार्य गर्न राज्यको एक अंग भएकोले संभव पनि छ । स्थानीय सरकारले संविधानको मुल भावना र मर्मलाई आत्मसाथ गरेर लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणलाई कार्यान्वियनमा ल्याएमा सन्तुलित विकास हुन्छ र सामाजिक न्यय स्थापित हुन्छ । यस परिक्षणले नगरपालिकाको लैससासको विद्यमान अवस्थाको जानकारीका हुनुका साथै स्थानीय तहगत तथा मुलुकको समग्र लै.स.सा.स सम्बन्धी समस्या र चुनौतिहरुको पहिचान गरी यस क्षेत्रका योजना तथा कार्यक्रमहरुको दक्षता र प्रभावकारीताको लेखाजोखा तथा मूल्याङ्कन गर्दै नीतिगत पृष्ठपोषण लिन मार्गनिर्देश गर्छ । साथै परिक्षणले समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई संस्थागत गर्न मद्दत पुग्छ । अतः यसको महत्वलाई सबै पालिकाहरुले आत्मसाथ गर्न जरुरी छ ।

## ३. लै.स.सा.स. परीक्षणको उद्देश्यहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको मुख्य उद्देश्य यसको प्रयोगलाई सरलीकृतरुपमा स्थानीयकरण गरी स्थानीय तहले गर्ने सम्पूर्ण क्रियाकलापहरु र विकास योजना तथा कार्यक्रमलाई लै.स.सा.स. उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चितता, उपलब्धिको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका प्रमुख उद्देश्यहरु यस प्रकार छन:

- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत स्थानीय तहको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला, लक्षित वर्ग र सीमान्तकृत समुहहरुलाई समाबेशी गरी लैङ्गिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।
- महिला, लक्षित वर्ग र सीमान्तकृत समुहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।
- स्थानीय तहको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लै.स.सा.स. दृष्टिकोणबाट अनुगमन तथा मूल्याँकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने, र स
- लै.स.सा.स. परीक्षणको नतिजाको आधारमा समस्या तथा चुनौतिहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत पृष्ठपोषण लिने ।

## ४. लै.स.सा.स.परीक्षणले समेटने क्षेत्रहरु

लै.स.सा.स. परीक्षणका प्रमुख पाँचवटा विषय क्षेत्रहरु भित्र विभिन्न २२ वटा उप विषयक्षेत्र र सो अन्तर्गत १०० वटा सूचकहरु रहेका छन् । उक्त विषय क्षेत्रहरु र उप विषय क्षेत्रहरु निम्नानुसार रहेको छः

| मूल विषय | सहायक बिषय |
|---|---|
| **नीति, कानून, योजना** | नीति र कानूनमा समावेशिता र सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| **संस्थागत व्यवस्था** | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| | कार्यप्रणाली समावेशी |
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता |
| | तथ्याङ्क सङकलन तथा व्यवस्थापन |
| **मानव संसाधन तथा क्षमता विकास** | मानव संसाधन तथा क्षमता विकास |
| | अनौपचारिक मूल्य, मान्यता र कुसंस्कार बिरूद्ध जनचेतना |
| | कानूनी साक्षरता |
| | विपद व्यवस्थापनमा समावेशिता |
| **सेवा प्रवाह** | पूर्वाधार विकास |
| | नीति र कानूनमा समावेशिता र सहभागिता |
| | योजना तर्जुमा तथा कार्यान्वयन |
| | बजेट तर्जुमा तथा कार्यान्वयन |
| | कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| सुशासन तथा उत्तरदायित्व | कार्यप्रणाली समावेशी |

| | |
|---|---|
| | समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | वित्त व्यवस्थापन प्रणालीमा समावेशिता |
| | तथ्याङ्क सङकलन तथा व्यवस्थापन |
| | मानव संसाधन तथा क्षमता विकास |

## ५. लै.स.सा.स. परीक्षणविधि, तरिका तथा चरणहरु

लैंङ्गिक परिक्षणका लागि पाँचखाल नगरपालिकासँग प्रारम्भिक समन्वय पश्चात पालिकामा पुगेर लैंङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण दिग्दर्शन २०७८ मा उल्लेख भए अनुसार ३ वटा चरणहरु पार गरी कार्य सम्पन्न गरिएको छ । ती चरणहरुमाः

(क) तयारी चरण

तयारी चरणमा सर्वप्रथम सहजकर्ताले पालिकाका उप प्रमुख, प्रशासकिय अधिकृत, महिला तथा बालबालिका शाखा प्रमुख, र सुचना अधिकारीसँग अन्तरक्रिया गरि लैंङ्गिक परिक्षणका लागि आवश्यक पर्ने दस्तावेजहरु संकलन गर्ने कार्य गरिएको थियो भने सो क्रममा निर्देशिकामा उल्लेख भए अनुसार नगरपालिका उप प्रमुखको नेतृत्वमा ३ सदस्यीय कार्यदल गठन गरी लैंङ्गिक परिक्षणका लागि आवश्यक पर्ने सम्पूर्ण तयारीका कामहरु सम्पन्न गरिएको थियो । जसमा सर्वप्रथम यस पालिकामा लै.स.सा.स. परिक्षण कार्यलाई पूर्ण प्रभावकारी बनाउन निम्नानुसारको लै.स.सा.स. कार्यदल गठन गरिएको थियो ।

पाँचखाल नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण अघि सो पालिकासंग समन्वय गरी निम्न सदस्य रहने गरी लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिलाई गठन गरिएको थियो ।

श्री गठन गरेपछि राख्ने

श्री

श्री

श्री

श्री

श्री

श्री

श्री

लै.स.सा.स. परिक्षणलाई निरन्तरता दिनका लागि पालिकाको उपप्रमुखको संयोजकत्वमा निम्न सदस्य रहेको कार्यदल गठन गरिएको थियो ।

| | | |
|---|---|---|
| श्री सुर्य माया दनुवार | उप प्रमुख | संयोजक |
| श्री सुर्य प्रसाद गौतम | प्र प्र अ | सदस्य |
| श्री सुविता ढुगाना | सूचना अधिकारी | सदस्य |

यस तयारी चरणमा सर्वप्रथम प्रमुख सहजकर्ताबाट पालिकामा पुगेर प्रमुख प्रशासकिय अधिकृत र लै.स.सा.स .सम्पर्क व्यक्तिसंग अन्तरक्रिया गरी लैंङ्गिक परिक्षणका लागि आवश्यक पर्ने दस्तावेजहरु संकलन गर्ने कार्य गरिएको थियो । यसका साथै पालिकाबाट बार्षिक योजना, क्षेत्रगत योजना, वार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक र बार्षिक समिक्षा, विकास बुलेटिन, नगरपालिकाको प्रोफाइल आदि दस्तावेजहरु संकलन गरिएका थिए । साथै नगरपालिकाको नीति कानुन, कार्यविधि, निर्देशिका यी दस्तावेजहरु अध्ययन गरी आएको तथ्यलाई संलग्न गरी प्रशिक्षकले प्रस्तुतीको तयार गरिएको थियो ।

## (ख) कार्यान्वयन चरण

- प्रारम्भिक सूचना संकलन

पाँचखाल नगरपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरणका लागि भए गरेका कार्य प्रगतिहरुका विषयमा जानकारी लिनका लागि प्रमुख सहजकर्ताले उपाध्यक्ष, प्रमुख प्रशासकिय अधिकृत, लै.स.सा.स .सम्पर्क व्यक्ति, महिला तथा बालबालिका शाखा प्रमुख, लेखा शाखा र सूचना अधिकारीसँग प्रत्यक्ष छलफल गरि सूचनाहरु संकलन गरिएको थियो ।

- लक्षित वर्गसँग छलफल

नगरपालिकाले विकासमूलक गतिविधिहरु सञ्चालन गर्ने क्रममा महिला, बालबालिका र अन्य लक्षित वर्गलाई के कसरी समेटेर लिएको छ भन्ने विषयमा जानकारी लिनका लागि प्रमुख सहजकर्ताले उपाध्यक्ष, महिला तथा बालबालिका शाखा व्यक्तिसंग व्यक्तित्वहरुसँग छलफल सञ्चालन गरिएको थियो ।

- कार्यशाला सञ्चालन

नगरपालिकामा कार्यरत कर्मचारीहरु र पदाधिकारीहरुसँग अन्तरक्रियात्मक छलफल गर्ने र सो को आधारमा सहभागीहरुले लैङ्गिक परिक्षण गर्ने उद्देश्यले प्रमुख सहजकर्ताको नेतृत्वमा कार्यशाला सञ्चालन गरिएको थियो । कार्यक्रम नगरपालिकाको बैठक कक्षमा नगर उप(प्रमुखको अध्यक्षतामा सम्पन्न गरिएको थियो । सहभागीहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरण भनेको के हो, लै.स.सा.स. को परिक्षणको प्रक्रिया र लै.स.सा.स. परीक्षण दिग्दर्शन २०७८ ले व्यवस्था गरे लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण किन र कसरी भन्ने विषयमा अनुशिक्षण गरिएको थियो ।

पाँचखाल नगरपालिकाको लै.स.सा.स. परिक्षण ***२०८१ साल बैशाख १७ र १८ गते*** सम्पन्न भयो । उक्त कार्यशाला गोष्ठीलाई चाँदनी जोशी फाउण्डेशनका केन्द्रीय पदाधिकारीरसदस्यहरुको समन्वयरसहयोगमा डा। सग्राम सिह लामा र अनिल खनालले सहजीकरण गर्नु भएको थियो ।

- समूहमा प्रश्नावलीहरुमा अंक प्रदान

लै.स.सा.स. परीक्षण दिग्दर्शन २०७८ को अनुरुपका मूल विषय वस्तुमा सहजकर्ताले एउटै समुह बनाइ सम्पुर्ण सुचकमा सामूहिक छलफल गरि सहमतिमा अंक प्रदान गर्न सहजीकरण गरिएको थियो ।

- माकुरी जालो तयार

अंक प्रदान गरे पश्चात उनिहरुले दिएको अंकको आधारमा माकुरी जालो तयार गरिएको थियो र सो को आधारमा सहभागीहरुलाई लैङ्गिक समानता र सामाजिक समावेशीकरणको क्षेत्रमा नगरपालिकाले गरेका पहलहरुमा आधारित भइ सवल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतिको विश्लेषण ४ वटा समुह बनाई गरिएको थियो । सबै समुहको अगुवाले समुह कार्य प्रस्तुती गरिएको थियो ।

- नगरपालिकाको सवल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर र चुनौतिको विश्लेषण

सहभागीहरुले लै.स.सा.स. परिक्षणको सुचकहरु अध्ययन गरी अंक प्रदान गरे पश्चात चार वटा समुहमा सहभागीलाई विभाजन गरी लैङ्गिक समानता र सामाजिक समावेशीकरणका क्षेत्रमा नगरपालिकामा भएका अभ्यासहरुमा सवल पक्ष, सुधारात्मक पक्ष, अवसर र चुनौतीहरुका विषयमा समूह छलफल गरिएको थियो ।

- लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षणमा अनुसार आगामी दिनमा गर्ने कार्ययोजना

तयार माकुरी जालोमा प्राप्त परिणामका आधारमा सवल पक्षहरुलाई अझ राम्रो गर्दै जाने र सुधार गर्नु पर्ने पक्षलाई समेट्ने गरि बार्षिक कार्ययोजना तयार गरिएको थियो । यस कार्य योजनामा गर्नु पर्ने काम, जिम्मेवारी, समय र लागत अनुमान गरिएको गरिएको थियो ।

## (ग) प्रतिवेदन चरण

सहभागीहरुले प्रश्नावलीहरुमा दिएको अंकको आधारमा माकुरी जालो तयार गरिएको थियो भने सो माकुरी जालो सहभागीहरुसँग प्रस्तुत गरेर सवल पक्ष र सुधारात्मक पक्षहरुलाई औंल्याइ सवल पक्षहरुलाई अझ राम्रोसँग अगाडि बढाउन र सुधारात्मक पक्षहरुलाई कार्यान्वय गर्नका लागि काम, जिम्मेवारी, समय सीमा र अनुमानित लागतको आधारमा कार्ययोजना तयार गर्ने काम सम्पन्न गरियो । सो आधारमा समग्र लैंङ्गिक परिक्षणको प्रक्रियालाई दस्तावेजीकरण गर्ने उद्देश्यले कार्य सम्पन्न प्राविधिक प्रतिवेदन तयार गरियो ।

## ६ सहभागी नामावली

| क्र.स. | सहभागीको नाम थर | कार्यालयको नाम | पद | व्यक्तिगत विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जन प्रति निधि | कर्मचारी | महिला | पुरुष | जात | अपाङ्गता भएको |
| १ | सुर्यमाया दनुवार | पाँचखाल नगरपालिका | उप प्रमुख | √ | | √ | | जनजाति | |
| २ | सुर्य प्रसाद गौतम | पाँचखाल नगरपालिका | प्र प्र अ | | √ | | √ | ब्राम्हण | |
| ३ | कल्पना श्रेष्ठ ढुगाना | पाँचखाल नगरपालिका | कार्यपालिका सदस्य | √ | | √ | | ब्राम्हण | |
| ४ | श्रीजना परिवार | पाँचखाल नगरपालिका | कार्यपालिका सदस्य | √ | | √ | | दलित | |
| ५ | सरस्वती फैजु | पाँचखाल नगरपालिका | कार्यपालिका सदस्य | √ | | √ | | जनजाति | |
| ६ | रामशरण दुलाल | पाँचखाल नगरपालिका | वडाध्यक्ष वडा नं ६ | √ | | | √ | ब्राम्हण | |
| ७ | सुकविर तामाङ्ग | पाँचखाल नगरपालिका | वडाध्यक्ष वाड न १३ | √ | | | √ | जनजाति | |
| ८ | निर्मला महर्जन | पाँचखाल नगरपालिका | रोजगार सयोजक | | √ | √ | | जनजाति | |
| ९ | सुरज श्रेष्ठ | पाँचखाल नगरपालिका | पशु चिकित्सक | | √ | | √ | जनजाति | |

| क्र.स. | सहभागीको नाम थर | कार्यालयको नाम | पद | व्यक्तिगत विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जन प्रति निधि | कर्मचारी | महिला | पुरुष | जात | अपाङ्गता भएको |
| १० | सुर्यमाया दनुवार | पाँचखाल नगरपालिका | बि उ वि स | | √ | √ | | जनजाती | |
| ११ | सुमित्रा खरेल | पाँचखाल नगरपालिका | कार्यपालिका सदस्य | √ | | √ | | ब्राम्हण | |
| १२ | हिराकाजी तामाङ | पाँचखाल नगरपालिका | वडाध्यक्ष वाड न ११ | √ | | | √ | जनजाति | |
| १३ | गोमा खरेल | पाँचखाल नगरपालिका | फिल्ड सहायक | | √ | √ | | ब्राम्हण | |
| १४ | तारादेवी राउत | पाँचखाल नगरपालिका | महिला तथा बालबालिका शाख प्रमुख | | √ | | √ | ब्राम्हण | |
| १५ | शान्ति बहादुर कार्की | पाँचखाल नगरपालिका | आ ले प | | √ | | √ | ब्राम्हण | |
| १६ | उषा रेग्मी | पाँचखाल नगरपालिका | न्यायिक सहजकर्ता | | √ | √ | | ब्राम्हण | |
| १७ | मन्दिरा घिमिरे | पाँचखाल नगरपालिका | म वि नि | | √ | √ | | क्षेत्री | |
| १८ | सुनयना थपलिया | पाँचखाल नगरपालिका | एम आइ एस अपरेटर | | √ | √ | | ब्राम्हण | |
| १९ | सिता कुमारी तामाङ | पाँचखाल नगरपालिका | एम आइ एस अपरेटर | | √ | √ | | जनजाति | |

| क्र.स. | सहभागीको नाम थर | कार्यालयको नाम | पद | व्यक्तिगत विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जन प्रति निधि | कर्मचारी | महिला | पुरुष | जात | अपाङ्गता भएको |
| २० | हेमलता रिजाल | पाँचखाल नगरपालिका | स म वि नि | | √ | √ | | ब्राम्हण | |
| २१ | सम्झना मैनाली | पाँचखाल नगरपालिका | सहायक चौथो | | √ | √ | | ब्राम्हण | |
| २२ | ज्ञान वहादुर दनुवार | पाँचखाल नगरपालिका | वडाध्यक्ष वडा न १२ | √ | | √ | | जनजाति | |
| २३ | यशोदा बसेल | पाँचखाल नगरपालिका | कार्यपालिका सदस्य | √ | | √ | | जनजाति | |
| २४ | कल्याण प्रसाद सुवेदी | पाँचखाल नगरपालिका | अधिकृत | | √ | | √ | ब्राम्हण | |
| २५ | सुन्दर तामाङ | पाँचखाल नगरपालिका | वडाध्यक्ष वडा न ४ | √ | | | √ | ब्राम्हण | |
| २६ | नारायण प्रसाद सापकोटा | पाँचखाल नगरपालिका | वडाध्यक्ष वडा न १० | √ | | | √ | ब्राम्हण | |
| २७ | जय बहादुर तामाङ | पाँचखाल नगरपालिका | वडाध्यक्ष वडा न १ | √ | | | √ | जनजाती | |
| २८ | सुबिता ढुङगाना | पाँचखाल नगरपालिका | अधिकृत | | √ | | √ | ब्राम्हण | |
| २९ | रामकृष्ण दगाल | पाँचखाल नगरपालिका | वडाध्यक्ष वडा न ७ | √ | | | √ | क्षेत्री | |

| क्र.स. | सहभागीको नाम थर | कार्यालयको नाम | पद | व्यक्तिगत विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जन प्रति निधि | कर्मचा री | महि ला | पुरुष | जात | अपाङ्ग ता भएको |
| ३० | बालकृष्ण रोक्का | पाँचखाल नगरपालिका | कार्यपालिका सदस्य | √ | | | √ | क्षेत्री | |
| ३१ | सिताराम ढुगाना | पाँचखाल नगरपालिका | वडाध्यक्ष वडा न ५ | √ | | | √ | ब्राम्हण | |
| ३२ | माइली दनुवार | पाँचखाल नगरपालिका | कार्यपालिका सदस्य | √ | | √ | | जनजाति | |
| ३३ | पवन सापकोटा | पाँचखाल नगरपालिका | जि शा | | √ | | √ | ब्राम्हण | |
| ३४ | उदय प्रसाद कोइराला | पाँचखाल नगरपालिका | शाखा अधिकृत | | √ | | √ | ब्राम्हण | |
| ३५ | हेम प्रसाद मिश्र | पाँचखाल नगरपालिका | लेखा शासखा | | √ | | √ | ब्राम्हण | |
| ३६ | सन्तोष पौडेल | पाँचखाल नगरपालिका | शाखा अधिकृत | | √ | | √ | ब्राम्हण | |
| ३७ | शुशिला पाठक | पाँचखाल नगरपालिका | लेखापाल | | √ | √ | | ब्राम्हण | |
| ३८ | सुगम भेटवाल | पाँचखाल नगरपालिका | कृषि स्नातक प्राविधिक | | √ | | √ | ब्राम्हण | |
| ३९ | गणेश प्र खरेल | पाँचखाल नगरपालिका | अधिकृत | | √ | | √ | ब्राम्हण | |


| क्र.स. | सहभागीको नाम थर | कार्यालयको नाम | पद | व्यक्तिगत विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जन प्रति निधि | कर्मचारी | महिला | पुरुष | जात | अपाङ्गता भएको |
| ४० | रामकाजी श्रेष्ठ | पाँचखाल नगरपालिका | वडाध्यक्ष | √ | | | √ | जनजाति | |
| ४१ | सन्जय तामाङ | पाँचखाल नगरपालिका | वडाध्यक्ष वडा न ८ | √ | | | √ | जनजाति | |
| ४२ | सग्राम सिह लामा | नमोबुद्ध प्राविधिक तथा सामाजिक अध्ययन तथा परामर्श केन्द्र | परामर्शदाता | | | | | | |
| ४३ | अनिल खनाल | नमोबुद्ध प्राविधिक तथा सामाजिक अध्ययन तथा परामर्श केन्द्र | परामर्शदाता | | | | | | |
| ४४ | माया लोहनी | चादनी फाउण्डेशन | कोर समूह | | | | | | |
| ४५ | निराला तिवारी | चादनी फाउण्डेशन | कोर समुह | | | | | | |
| ४६ | रेनु मास्के | चादनी फाउण्डेशन | कोर समूह | | | | | | |

# तथ्यांक प्रस्तुतीकरण खण्ड

## ७. तथ्यांक प्रस्तुतीकरण र व्याख्या

पाँचखाल नगरपालिकाको लै.स.सा.स. परिक्षण पाँचवटा मुल शिर्षक गरिएको थियो । उक्त परिक्षणबाट आएको नतिजा अनुसार सेवा प्रवाहमा १२, सस्थागत व्यवस्था १०, नीति तथा कानुन र मानव ससाधन तथा क्षमता बिकासमा क्रमश ८.५, ८.५ र सुशासन तथा उत्तरदायित्व ८ अंक प्राप्त भएको छ । पाँच वटै मुल शिर्षकमा प्राप्त अंकमा सबै भन्दा बढि सेवा प्रवाहमा र सबै भन्दा कम सुशासन तथा उत्तरदायित्व रहेको छ ।

त्यस्तै गरी २२ वटा उपशिर्षकमा छलफल गर्दा समिति, उपसमिति र कार्यदलमा सबै भन्दा बढी अक ३.५, प्राप्त भएको छ भने सबै भन्दा कम अक कार्य प्रणालीमा ०.५ प्राप्त भएको छ अर्थात पालिकाले यस क्षेत्रमा धेरै सुधार गर्नु पर्ने देखिन्छ ।



# तथ्याङ्कको अध्ययन तथा विश्लेषण खण्ड

## ८. लैङ्गिक परीक्षणको विश्लेषणका औजारहरु

पाँचखाल नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका लागि लैङ्गिक समानता र सामाजिक समावेशीकरण परीक्षण दिग्दर्शन, २०७८ मा  उल्लेख गरिएका प्रमुख ५ वटा मुख्य विषयहरुमा २२ वटा सहायक विषयहरुका १०० वटा सूचकहरुले प्राप्त गरेका अंकहरुको विश्लेषण गरिएको थियो । एउटा मुख्य विषयमा २० वटा सूचकहरु रहेका थिए । जस्ले गर्दा एउटा मुख्य विषयको अंकभार २० रहेको छ । १०० वटा सूचकहरुका प्रमाणीकरणका आधारहरुमाथि छलफल गर्दै विश्लेषण गरिएको थियो । सोहि विश्लेषणका आधारमा सूचकहरुमा अंकभार दिइएको थियो। मुख्य विषयहरुले कति कति अंक प्राप्त गरे भनेर छलफल गरी माकुरे जालो विधिबाट र तालिका मार्फत पनि विश्लेषण गरिएको थियो ।

लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण गर्दा निम्न औजारहरु प्रयोग गरिएको थियो:

लै.स.सा.स. परिक्षणका विश्लेषण औजारहरू

- दस्तावेज समिक्षा
- प्रमुख व्यक्तिहरुसँग छलफल
- कार्यशाला संचालन (सुचकहरुको लेखाजोखा)
- माकुरे जालो तथा विभिन्न तालिका प्रस्तुत
- सवल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती
- कार्ययोजना तयार
- प्रतिवेदन तयार

## ९. तथ्याङ्कको अध्ययन तथा विश्लेषण

पाँचखाल नगरपालिकाको गत वर्ष र यस वर्षको लै.स.सा.स .परिक्षण गर्दा कुल अंक ४७ प्राप्त भएको छ । सो तथ्यांक विश्लेषण गर्दा प्राप्तांक मध्ये सबै भन्दा बढि सेवा प्रवाहमा १२, संस्थागत व्यवस्थामा १०, नीति कानुन योजना र मानव संसाधन तथा क्षमता विकासमा क्रमश ८.५/८.५, सुशासन तथा उत्तरदायित्वमा ८ अंक प्राप्त भएको छ । यस अर्थमा सुशासन तथा उत्तरदायित्वमा सबै भन्दा कम देखिएको छ ।

| क्र.स. | सूचक र उप(सूचकहरु | पूर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | १.१.१ – १.१.८, १.२.१ – १.२.८, १.३.१ – १.३.४ | २० | ९ |
| २ | २.१.१ – २.१.४, २.२.१ – २.२.४, २.३.१ – २.३.४, २.४.१ – २.४.४, २.५.१ – २.५.४ | २० | ८ |
| ३ | ३.१.१ – ३.१.८, ३.२.१ – ३.२.४, ३.३.१ – ३.३.४, ३.४.१ – ३.४.४ | २० | १० |
| ४ | ४.१.१ – ४.१.४, ४.२.१ – ४.२.४, ४.३.१ – ४.३.४, ४.४.१ – ४.४.४, ४.५.१ – ४.५.४ | २० | ११ |
| ५ | ५.१.१ – ५.१.४, ५.२.१ – ५.२.४, ५.३.१ –५.३.४, ५.४.१ –५.४.४, ५.५.१ –५.५.४ | २० | ८ |
| | जम्मा | १०० | ४७ |

लै.स.सा.स .परिक्षणको क्रममा १०० वटा सुचकहरुमा प्राप्त अंकलाई २२ वटा उपशिर्षमा हेर्दा निम्नानुसार रहेको देखियो

| सुचक | पूर्णअक | प्राप्तअंक |
|---|---|---|
| नीति र कानुनमा समावेशिता र सहभागिता | ८ | ३ |
| योजना तर्जुमा तथा कार्यन्वयन | ८ | ४.५ |

| | | |
|---|---|---|
| बजेट तर्जुमा तथा कार्यन्वयन | ४ | १ |
| कर्मचारी पदाधिकारी तथा प्रतिनिधित्व | ४ | १.५ |
| कार्यप्रणाली समावेशी | ४ | ०.५ |
| समिति उपसमिति र कार्यदलमा प्रतिनिधित्व | ४ | ३.५ |
| वित्त ब्यवस्थापन प्रणालिमा समावेशी | ४ | २ |
| तथ्याङ्क संकलन तथा ब्यवस्थापन | ४ | २.५ |
| मानव संसाधन तथा क्षमता विकास | ८ | २.५ |
| अनौपचारीक मूल्य मान्यता र कुसंस्कार बिरुद्ध जनचेतना | ४ | १.५ |
| कानूनी साक्षरता | ४ | २ |
| विपत ब्यवस्थापनामा समावेशिता | ४ | २.५ |
| पूर्वाधार विकास | ४ | ३ |
| प्रजनन स्वास्थ्य | ४ | २ |
| शिक्षा कार्यक्रम | ४ | ३ |
| खानेपानी तथा सरसफाई | ४ | २.५ |
| स्वरोजगार तथा आय आर्जन र बजार ब्यवस्थापन | ४ | १.५ |
| सुशासन | ४ | २ |
| उत्तरदायित्व र जवाफदेहिता | ४ | १.५ |
| सूचना तथा संचार | ४ | १.५ |
| अनुगमन तथा मूल्याङ्कन | ४ | १.५ |
| समन्वय र सम्बन्ध विस्तार | ४ | १.५ |
| **जम्मा प्राप्ताङ्ग** | | **४७** |

# मुख्य **उपलब्धि (Findings)**

## १०. लै.स.सा.स. परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

**१०.१.** परीक्षण पश्चात् प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरुको लेखाजोखा

पाँचखाल नगरपालिकामा लै.स.सा.स. परिक्षण पश्चात प्राप्तांकलाई निम्नानुसार रहेको छ :

| विषय | पूर्णअक | प्राप्तअंक |
|---|---|---|
| नीति कानून योजना | २० | ८.५ |
| सस्थागत ब्यवस्था | २० | १० |
| मानव संसाधन तथा क्षमता विकास | २० | ८.५ |
| सेवा प्रवाह | २० | १२ |
| सुशासन तथा उत्तरदायित्व | २० | ८ |
| जम्मा प्राप्तांक | १०० | ४७ |


क) मुल विषय अन्तरगत सेवा प्रवाहमा सबै भन्दा बढी १२ अंक अर्थात ६० प्रतिशत प्राप्त भएको छ । सेवा प्रवाहका सवल पक्षहरुमा भौतिक सरचना नक्शा पास गर्दा अपाङ्ग मैत्री, बाल मैत्री बनाउने नियमलाई पालना गरेको, परिवार नियोजन, मातृशिशु कल्याण योजना, खोपलाई नियमित र व्यवस्थित, विद्यालय भर्ना दर राम्रो भएको देखिन्छ । सुधार गर्नुपर्ने पक्षमा गर्भवति महिलालाई जोखिम युत्त काममा नलगाउने नीति नबनेको,गरिव तथा निमुखा लक्षित वर्गको स्वास्थ्य विमा नगरेको त्यस्तैः कुहिने नकुहिने फोहोरहरुको व्यवस्थापन, गरिबि र बन्चितिकरणमा परेको पहुच र क्रय अनुसार सुपथ मूल्य सहकारी पसल व्यवस्थापन आदी रहेका छन ।


ख) सस्थागत ब्यवस्थामा १० अक अर्थात ५० प्रतिशत प्राप्त भएको छ । यसका सवल पक्षहरुमा नगरपालिकाले लै.स.सा.स .रणनीति बनाएको, समिति तथा उपसिमित निर्माण गर्दा लैङ्गिक सवेदनिशल बनाएको, उपभोक्ता समितिहरुमा महिलाको प्रतिशत ५० भन्दा बढी रहेको, महिला विकास बजेट विनियोजन गरेको तथा लैङ्गिक हिसा निवारण कोष स्थापना गरेको, महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरीकार्यक्रम समयैमा सम्पन्न हुने भएको, लक्षित समुहको विकासको लागि बार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरी बजेट विनियोजन गरेको छ । त्यस्तै गरी सुधार गर्नु पर्ने पक्षहरुमा कर्मचारी नीति लै.स.सा.स. मैत्री बनाउनु पर्ने, लैङ्गिक तथासमावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्ने रहेको छ ।

ग) नीति कानुन र योजना तथा मानव ससाधन तथा क्षमता विकासमा क्रमश ८.५ अक अर्थात ४२ प्रतिशत प्राप्त भएको छ । यस सवल पक्षहरुमा महिला र पुरुषको ज्यालामा समान भुक्तानी गरेको, योजना निर्माण गर्दा स्थानीयको योजनाले प्राथमिकता पाउने गरेको, स्थानीय तहकायोजना महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्नेगरी बनेको आदि रहेको छ । त्यस्तै गरी सुधार गर्नु पर्नेमा श्रम नीति बनाउनु पर्ने, लै.स.सा.स. नीति तथा योजना निर्माण गर्नु पर्ने, दिगो विकास लक्ष्यको बुदा न ५ लाई स्थानीयकरण गर्नु पर्ने, लक्षित समुहलाई दिइने बजेटमा निश्चित प्रतिशत तोकिनु पर्ने, बर्षिक योजना तथा बजेटको मापन योग्य सुचक निर्माण गर्नु पर्ने आदी रहेको छ ।

सुशासन तथा उत्तरदायित्वमा ८ अक अर्थात ४० प्रतिशत रहेको छ । यसका सवल पक्षहरुमा सेवा प्रवाह नीति बनाएर गर्ने गरेको, चौमासिक रुपमा सार्वजनिक सुनवाइ गरेको, तीन तीन महिनामा वेभसाइड मार्फत भए गरेका कार्यहरु सार्वजनिक गरेको आदी रहेका छन । सुधार गर्नु पर्ने पक्षहरुमा पालिकाको सामाजिक परिक्षण गर्नु पर्ने, जनप्रतिनिधि तथा कर्मचारीको आचार सहिता निर्माण तथा अद्यावधिक गर्नु पर्ने, बार्षिक नीति कार्यक्रम र बजेटका बारेमा लक्षित वर्गलाई जानकारी गराउनु पर्ने, योजना प्रभावको विश्लेषण गर्नु पर्ने, कार्यक्रम लै.स.सा.स .को दृष्टिकोणबाट पनि अनुगमन गर्नु पर्ने आदि रहको छ ।

## १०.२. लै.स.सा.स. परीक्षण नतिजाको माकुरे जालो


नीति कानून योजना
८.५ अक
४२.५ प्रतिशत
संस्थागत. ब्यवस्था
१० अक
५० प्रतिशत
८.५ अक
४२.५ प्रतिशत
मानव संसाधन तथा क्षमता विकास
१२ अक
६० प्रतिशत
सेवा प्रवाह
सुशासन तथा उत्तरदायित्व
८ अक
४० प्रतिशत
0
5
10
15
20
पूर्ण अक
प्राप्त अंक




## ११. पाँचखाल नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका सबल पक्ष र सुधार गर्नपर्ने पक्षहरु, अवसर र चुनौतिहरुः

| मूल शोर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति, कानून, योजना | • लक्षित वर्गलाई समेटेर बजेट नीति तथा कार्यक्रम तय गरिएको<br>• लै.स.सा.स .रणनीति बनेको<br>• नगरपालिकाले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा विभेद नरहेको<br>• संघीय कानूनले | • लै.स.सा.स. मैत्री टोली निर्माण गरी अगामी नीति तथा विद्यामान नीतिहरु विश्लेषण गर्नु पर्ने<br>• स्थानीय कानुन, बार्षिक योजना तथा आवधिक योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास सम्वन्धी कुराहरू समावेश गराउने<br>• स्थानीय सरकारकले लै.स.सा.स .नीति र योजना | • भुगोल र समाजमा विविधता रहेको<br>• ङ्ग कानुनीले लक्षित बर्ग पहिँचान गरी उनिहरुको सम्बैधानिक तथा मौलिक हकका बारेमा स्पष्ट व्यवस्था गरेको ।<br>• ङ्ग लक्षित बर्गसंग योजना कार्यान्वयन गर्न सजिलो हुने ।<br>• ङ्ग लै.स.सा.स | • जनशक्तिको अभाव<br>• मागमा आधारित योजन नबन्नु<br>• साझेदारी सुचीमा रहेका विषयमा सघ र प्रदेशको कानुन समयमा निर्माण नगर्नु<br>• सेवाग्राही |

| | | | | |
|---|---|---|---|---|
| | व्यवस्था गरे बमोजिम पालिकामा न्यायिक समितिले कार्य गरिरहेको<br>• महिला र पुरूषमा श्रमको ज्यालामा विभेद नरहेको<br>• योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको समस्या पहिचान गरी समाधान गर्न छलफल गरेको पालिकाको योजनाले महिला, बालबालिका तथा पिछडिएको वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने गरी बनेको<br>• स्थानीय कर्मचारी र जनप्रतिनिधिहरुको यस बिषयमा प्रतिबद्धता रहेको | बनाइ कार्यान्वयन गर्ने<br>• लै.स.सा.स .सम्बन्धी कार्यक्रम तथा बजेटको प्रभावकारी कार्यान्वयन गर्नु पर्ने<br>• लैससासको क्षेत्र कम प्राथमिकतामा पर्नु<br>• दिगोविकास लक्ष्य स्थानीयकरण नहुनु<br>• लै.स.सा.स .सम्बन्धी ज्ञान सीप र दक्ष जनशक्तीको अभाव<br>• योजना तर्जुमा गर्दा लक्षित वर्गलाई प्रतिशतमा नछुट्याउनु<br>• पालिकाले रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्न श्रम व्यवस्थापन कार्यविधि बनाउने<br>• आवधिक योजनामा तथा कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र मापनयोग्य उपलब्धी लक्ष्य समावेश गर्ने<br>• योजना तर्जुमागर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने<br>• स्थानीय सरकारले दीगो विकासका लक्ष्यहरूमध्ये लक्ष्य ५ लैङ्गिक समानताप्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी बजेट विनियोजन गर्ने<br>• पालिकाले बजेट तथा कार्यक्रममा लक्षित समूहहरूको लागि निश्चित प्रतिशत बजेट विनियोजन गरी उनीहरूको हितका कार्यक्रममा खर्च गर्ने | .सम्वन्धमा स्थानीय सरकारले कानुन बनाई कार्यान्वयन गर्न सकिने ।<br>• बिभिन्न कार्यक्रमबाट लक्षित समुदायको चेतनास्तर बृद्धि हुदै गएको ।<br>• आवधिक योजना अनुसार उद्देश्य, रणनीति तथा नतिजामा लैङ्गिक तथा सामाजिक रुपमा वहिस्करणमा परेका व्यक्ति र समुहको आर्थिक तथा सामाजिक हैसियतमा परिवर्तन एवम् रुपान्तरण ल्याउन आवश्यक कार्यक्रमहरु तय सकिने ।<br>• आवधिक तथा क्षेत्रगत योजना तर्जुमा गर्दा गाउँ पाश्र्वचित्रवाट प्राप्त लिङ्ग, उमेर, भूगोल, जातजाति, भाषा, सस्कृति, वर्ग, अपाङ्गता भएका व्यक्ति आदि अनुसारको अवस्था विश्लेषण गरि आवश्यकता पहिचान गर्न सकिने ।<br>• महिला तथा पिछडिएका समुदायहरुलाई स्थानीय स्तरमै कानुन निर्माण गरी सहभागी गराउने अवसर रहेको | आफनो कर्तव्य प्रति जवाफदेही नहुनु<br>• स्थानीय जनप्रतिनिधी र कर्मचारीहरु लैससासको बिषयमा संबेदनशिल नहुनु ।<br>• कोभिड जस्ता महामारी आउनु<br>• राजनैतिक नेतृत्वमा इच्छा शक्तिको कमीको कारण समय प्रयाप्त नदिनु<br>• पर्याप्त बजेट तथा आन्तरीक स्रोत नहुनु, मानविय श्रोतको कमी,<br>• बिभेदमा रहेका बर्ग तथा समुदायलाई सशक्तिकरण गर्न तथा उत्प्रेरीत गर्न<br>• लक्षित बर्ग समुदायको सहभागिता लगायत अधिकार सुनिश्चित गर्न लै.स.सा.स .बिषयमा क्षमता बिकासको अभाव ।<br>• संघिय कानुमा ब्यबस्था भए बमोजिम स्थानीयकरण गर्न स्थानीय सरकार |

| | | | | |
|---|---|---|---|---|
| | | | | लै.स.सा.स .बिषय प्रति गम्भीर हुन नसक्नु<br>• नीति तथा कानुन निर्माण गर्दा वा पहिले बनेको नीति तथा कानुनमा लै.स.सा.स .बिषय समाबेश गर्ने कुरामा व्यापक छलफल हुन नसक्नु ।<br>• लै.स.सा.स .विषयलाई सहज रुपमा स्वीकार्न नसक्नु ।<br>• जनप्रतिनिधी तथा कर्मचारीहरुमा लैंससास बिषयको ब्यापक जानकारी गराउन नसक्नु । |
| संस्थागत व्यवस्था | • पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा लक्षित वर्गको प्रतिनिधित्वलाई समेटेको<br>• पालिकामा महिलाविकास, लैङ्गिक हिँसा बिरूद्ध, महिला सीप विकास, नेतृत्व विकास तथा क्षमता अभिबृद्धि जस्ता बिषयमा स्रोत व्यवस्थापनका लागि लागि बार्षिक आर्थिक ऐनमा | • पालिकाको निर्णायक तहमा (कर्मचारी।पदाधिकारी) महिलाहरूको समान रुपमा ( ५०।५० प्रतिशत) प्रतिनिधित्व सुनिश्चित गर्न कार्यविधि निर्माण गर्ने<br>• लैङ्गिकमैत्री कर्मचारी भर्ना सम्बन्धी नियमावली बनाउने<br>• विषयगत शाखाका कर्मचारीलाई सांकेतिक भाषा, लगायत मगर भाषामा तालिम प्रदान गर्ने<br>• जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि सकरात्मक विभेदको नीति अवलम्बन गर्ने | • पालिकाले आफनो भुगोल र जनसंख्याको आधारमा कर्मचारी प्रशासन नियमावलीलाई समावेशी बनाउन सक्ने,<br>• लैसासास मैत्री क्षमता विकास योजना निर्माण गरी बजेट विनियोजन गर्न सक्ने,<br>• लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था गरी तद अनुसार कार्यशर्त र जिम्मेवारी किटान गर्न सक्ने<br>• लक्षित वर्गका पदाधिकारी र कर्मचारी क्षमता अभिबृद्धिको | • प्रमुख प्रशासकिय अधिकृतको सरुवा चाडो, चाडो हुनु,<br>• जनप्रतिनिधि र कर्मचारीबीचमा प्रभावकारी समन्वय अभाव<br>• संघ तथा प्रदेश स्तरमा निर्मित संरचनाहरुको स्थानीय संरचनासंग समन्वय गर्न<br>• राष्ट्रिय तथा अन्तराष्ट्रिय |

| | | | | |
|---|---|---|---|---|
| | उल्लेख गरी छुट्टै कोष स्थापना भएको ।<br>• आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकास र सशक्तिकरणको लागि आवश्यकता अनुसार कार्यक्रम तथा बजेट तर्जुमा गरिएको<br>• पालिकाले आफ्नो क्षेत्रका सामाजिक सुरक्षा पाउनेहरू र पञ्जिकरणको अभिलेख व्यवस्थापन तथा तथ्याँक अध्यावधिक गर्ने गरेको । | • महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि पालिका लै.स.सा.स .रणनीति कार्यान्वयनमा ल्याउने<br>• पालिकामा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था गरी तद अनुसार कार्यशर्त र जिम्मेवारी किटान गरिनु पर्ने<br>• स्थानीय सरकारले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूमा लक्षित समुहको सहभागितालाई सुनिश्ति गर्नु पर्ने<br>• पालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायकोहितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने<br>• पालिकाले समावेशी सूचना प्रणाली व्यवस्थापन गर्न बजेटको व्यवस्था गरे पनि कम्प्युटरकृत लेखा प्रणालीले समावेशी क्षेत्रमा भएको बजेट तथा खर्च सम्वन्धी सूचना दिने व्यवस्था गर्ने । | लागि सकारात्मक विभेदको नीति अवलम्बन गर्न सक्ने,<br>• स्थानीय सरकारले आवश्यक पर्ने संस्थागत ब्यवस्था कार्यबिधि बनाई कार्यान्वयन गर्न सक्ने कानुनी अधिकार रहेको ।<br>• योजना तर्जुमा तथा कार्यान्वयन लैंङ्गिक तथा समाबेशी सहभागिता सुनिश्चित भएमा सेवा प्रवाह चुस्त दुरुस्त र छिटो छरितो हुने ।<br>• पालिकाले स्पष्ट नीति बनाई लैससासमैत्री भौतिक संरचना निर्माण गर्न गराउन निर्देशन गर्न सक्ने ।<br>• खण्डिकृत तथ्यांक अद्याबधीक गर्न सकेमा लक्षित समुदायको समस्या पहिँचान गर्ने । | कानुनहरुको समयमै स्थानीयकरण हुन नसक्नु ।<br>• पालिकाको आफ्नो आन्तरीक स्रोत कमी हुनु ।<br>• बञ्चितिकरणमा परेका समुदायका लागि निश्चित बजेट सिमा नतोकिनु ।<br>• सबै वडाहरुमा सबै प्रकारका खण्डिकृत तथ्यांक ब्यबस्थापन नहुनु ।<br>• स्थानीय तहमा सम्बन्धित बिषय बिज्ञको अभाव ।<br>• पालिकाको जनशक्ति तथा बजेट ब्यबस्थापन कमी हुनु |
| मानव संसाधन तथा क्षमता विकास | • पालिकाले सञ्चालन गरेको तालिमका विषयवस्तु प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशील भाषाको प्रयोग तथा महिलाका आवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको ।<br>• पालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन | • लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्ने<br>• पालिकाको सबै पदाधिकारीर कमर्चारीहरू र लक्षित वर्गलाई प्रदान गरिएको लैङ्गिक तथा समावेशी विकास, लैंङ्गिक हिंशा सम्बन्धी तालिमको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्ने<br>• पालिकामा मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइ र सो सम्वन्धी जनशक्तिको व्यवस्था गर्ने ।<br>• महिला विकासका लागि | • स्थानीय सरकारले लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्न सक्ने,<br>• पालिकाले लैङ्गिक तथा समावेशी विकास, लैंङ्गिक हिंशा सम्बन्धी तालिमको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्न सक्ने,<br>• कर्मचारी तथा जनप्रतिनिधिहरुका लागी आवश्क क्षमता बिकासका कार्यक्रम स्थानीय तह आफैले | • बजेट विनियोजनको प्राथमिकत भौतिक विकासमा हुनु<br>• लैङ्गिक संवेदनशिल कर्मचारी प्रशासन नियमावली बनाउन नेतृत्वको प्राथमिकतामा नपर्नु<br>• स्थानीय तहमा योग्य कर्मचारीको निरन्तरमा कमी |

| | | | | |
|---|---|---|---|---|
| | तथा कार्यक्रम सञ्चालन गर्न सक्ने मानवीय श्रोत रहेको ।<br>• महिला र वन्चितिकरणमा परेको समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन हुने गरेको ।<br>• महिला विरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न हुने गरेको ।<br>• स्थानीय सरकारले समाजमा रहेको विभिन्न कुसंस्कार जस्तै जातिगत छुवाछुत, छाउपडी, बालविवाह, बहु विवाह, दाइजो, आदि जस्ता सामाजिक कुरीति हटाउन कार्यक्रमहरू संचालनगर्ने गरेको ।<br>• पालिकाले विपद व्यवस्थापननीतिगत व्यवस्था गर्दा लक्षित वर्गसग छलफल गरेको पालिकाले विपद व्यवस्थापनको क्रममा लक्षित वर्गलाई प्राथमिकतामा राखी गरिएको | भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्दताहरूका बारेमा पालिकाका पदाधिकारीहरू वा कर्मचारीहरूलाई अनुशिक्षण दिने<br>• लैङ्गिक हिँसा रहित पालिका घोषणाको लागि नीतिगत व्यवस्था गर्ने<br>• जनप्रतिनिधि र कर्मचारीहरुलाई  नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनको बारेमा अभिमुखीकरण गर्ने<br>• स्थानीय तहका कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समाधान गर्नु पर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयवस्तुका सम्वन्धमा अभिमुखीकरण गर्ने<br>• महिलाहरूको लागि संचालित कानूनी शिक्षा सम्बन्धी  कार्यक्रमहरू संचालन गर्ने  र<br>• महिलाको कानूनी हक अधिकार, एकल महिला, चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिँसा बिरूद्धका कार्यक्रमहरूको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्ने ।<br>• विपद व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत परिचालन गर्दा महिला | संचालन गर्न सक्ने,<br>• पालिकाले मानव संसाधन विकास केन्द्र वा शाखा वा इकाइ र सो सम्वन्धी जनशक्तिको व्यवस्था गर्न सक्ने<br>• समान तथा समाबेशी सहभागिताका लागि जनप्रतिनिधी सकारात्म्क रहनु र<br>• मानव संशाधन बिकासका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्न पालिका प्रतिबद्ध रहेको छ ।<br>• कार्यपालिका सदस्य, सभाको सदस्य र प्रमुख प्रशाकिय अधिकृत लगायत सबै शाखा प्रमुखहरुलाई कानुन निर्माण प्रक्रियाको बारेमा पालिकाले तालिम सञ्चाल गर्न सक्ने | • क्षमता बिकासका कार्यक्रम संचालन गर्न स्थानीय बिज्ञको अभाव रहेको ।<br>• पालिकाको लै.स.सा.स .बिकास सम्बन्धी कार्ययोजना नहुनु ।<br>• पालिकामा आबश्यक श्रोत साधन र दक्ष जनशक्तिको अभाव हुनु ।<br>• मानव संशाधन बिकासका लागि पर्याप्त बजेट बिनियोजन नहुनु । |

| | | | | |
|---|---|---|---|---|
| | | तथा वञ्चितिकरणमा परेको समुदायको सहभागितामा परिचालन गर्न कार्यविधि अद्यावधिक गर्ने । | | |
| सेवा प्रवाह | • नगरपालिकाका भवन, भौतिक पूर्वाधार तथा अन्य संरचना निर्माणको लागि ड्रइङ, डिजायन, लगत अनुमान तयार गर्दा महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिले निर्बाध प्रयोग गर्न सकिने गरी लै.स.सा.स .मैत्री बनाउने अभ्यास थालनी गरेको स्थानीय तहका भवन, भौतिक पुर्वाधार तथा संरचनाहरु, शिक्षा, स्वास्थ्य र अन्य सामाजिक पूर्वाधार सम्वन्धी भवन र अन्य संरचनाहरू निर्माण गर्दा लक्षित वर्ग मैत्री बनाउन निर्देशन गरेको<br>• परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रम लगायत महिलाहरूको स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरूसंचालन गरिएका ।<br>• ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) र | • पालिकाले महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई लक्षित गरी परंपरागत तथा आधुनिक उर्जा (जन विद्युत, विभिन्न बैकल्पिक उर्जा स्रोतबाट प्राप्त हुने उर्जा, सुधारिएको चुलो आदि) को प्रयोग गर्न नीति तथा सकारात्मक वातावरण र प्रोत्साहन गर्ने आयोजनाहरूलाई योजना तथा बजेटमा प्राथमिकता दिने ।<br>• स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तन पानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था सम्वन्धी नीति बनाई कार्यान्वयन गर्ने<br>• महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमाको प्रभाव मुल्यांकन गर्न<br>• अशिक्षित महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चादेखि बच्चा कक्षा, आदि संचालन गर्ने नीति भएपनि बजेट विनियोजनलाई नियमितरुपमा गर्ने ।<br>• पालिकाको आयोजना तथा स्थानीय महिलाहरुको सक्रीय सहभागितामा केही वडामा खुला दिसामुख्त पालिका, घरघरमा शौचालय, डाँडा र | • सेवा प्रवाहका लागी आवश्यक जनशक्तिको ब्यवस्था रहेको ।<br>• लैससासमैत्री सेवा प्रबाहका लागि कार्यनीति बनाई लागु गर्न सकेमा सेवामा समाबेशी पहुँच बृद्धि हुने ।<br>• महिलामैत्री वातावरण निर्माणका लागि सार्बजनिक निकायमा स्तनपान कक्ष र लैंङ्गिक मैत्री सौचालय ब्यबस्थापन गर्न सकिने ।<br>• गरिवी नक्सांकन र बेरोजगार पहिँचान गरी तथ्यांक अद्याबधीक गरेमा लैससासमैत्री योजना तथा बजेट निर्माणमा सहयोग पुग्ने लैससासमैत्री सेवा प्रणालीको बिकासका लागि जनप्रतिनिधीहरु सकारात्मक रहनु ।<br>• महिला स्वास्थ्य सुदधृढिकरणका लागि पालिकाले महिलाहरुको स्वास्थ्य सुधार सम्बन्धी नीति ल्याउनु ।<br>• पालिकाले महिला, गरिब, निमुखा र बञ्चितिकरणमा परेका व्यक्तिहरूको स्वास्थ्य बिमाको प्रभाव मुल्यांकन गर्न सक्ने<br>• प्रौढ शिक्षा तथा किशोरी शिक्षा कार्यक्रम सञ्चालन गर्न सक्ने,<br>• फोहोर व्यवस्थापनको लागि पालिकाले | • जनप्रतिनिधिहरु को पुर्वाधार विकासमा बढि चासो हुनु<br>• नगरपालिकाले सेवा प्रवाहलाई लैससासमैत्री बनाउन जनप्रतिनिधिको प्रथामिकतामा नपर्नु,<br>• समुदाय तहमा लै.स.सा.स .सम्बन्धी जनचेतनाका कमि हुनु ।<br>• सामाजिक, आर्थिक, सास्कृतिक पछौटेपना कामयै रहुनु ।<br>• अन्य सार्बजनिक निकाय तथा नीजि क्षेत्रबाट हुने भवन निर्माण एबं भौतीक संरचनाहरु महिला, बालबालिका, अपांग मैत्री हुनका लागि पालिकाले नीति बनाई लागु गर्न नसकेको ।<br>• स्थानीय तहमा बिद्यमान कानुनी प्राबधानहरुको पुर्ण कार्यान्वयन गर्न नसकिएको ।<br>• बजार अनुगमन गरी महगी नियन्त्रण गर्न र सुपथ मुल्यको |

| | | | | |
|---|---|---|---|---|
| | सामाजिक परिचालक तयार गर्ने गरेको ।<br>• स्तनपान कक्षको व्यवस्था गरिएको | गौंडामा पोखरी, टोल सफाइ अभियान कार्यक्रमलाई बार्षिक योजनामा राखी बजेट विनियोजन गर्ने | कार्यविधि बनाउन सक्ने<br>• बैदेशिक श्रममा जाने पहिलाहरुलाई आवश्यक पर्ने तालिम निशुल्क उपलब्ध गराउन सक्ने | सहकारी पसल सञ्चालन गर्न स्थानीय जनप्रतिनिधिहरु को प्राथमिकतामा नपर्नु |
| सुशासन तथा उत्तरदायित्व | • स्थानीय तहले स्थानीय सेवा प्रवाह, विकास निर्माण र स्थानीय शासनका बिषयमा पालिकाको नीति बमोजिम गर्ने गरेको संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता अनुसार कार्यक्रम सहितको बजेट विनियोजन गरेको<br>• स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता स्वीकृत गरी कार्यान्वियनमा ल्याएको ।<br>• स्थानीय तहले संघ र प्रदेश सरकारहरूले तय गरेका नीति, कानून तथा कार्यक्रमहरूको कार्यान्वयनमा सहकार्य, समन्वय र सहजीकरण गर्ने गरेको ।<br>• लैङ्गिक समानतातथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच बनेको सञ्जालमा कार्यगत छलफल तथा यस क्षेत्रको विकासको लागि नियमितरुपमा कार्य हुने गरेको । | • पालिकाले भ्रष्टाचार विरुद्ध लै.स.सा.स .मैत्री रणनीति अवलम्बन गर्नु पर्ने<br>• पालिकाले सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरणलाई नियमित गर्ने ।<br>• पालिकाले गर्ने सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित वर्गले दिएको सुझाबहरुलाई कार्ययोजन बनाई लागु गर्ने<br>• स्थानीय सरकारले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमहरु लक्षित वर्गलाई जानकारी गराउन वडामा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने ।<br>• स्थानीय सरकारले समावेशीकरण तथा लैंङ्गिकसमानता सम्बन्धी सूचना प्रवाह र स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने ।<br>• पालिकाले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव | • स्थानीय तहले भ्रष्टाचार सम्बन्धी कार्यविधि बनाई कार्य गर्न सक्ने ।<br>• सुचना प्रणाली लैससासमैत्री बनाउन सकेमा सबै सरोकारवाला लक्षित समुदायको सुचनामा पहुँच बृद्धि हुने ।<br>• लैंससासमैत्री कानुन बनाई लागु गर्न सकेमा लैससासमैत्री स्थानीय शासन अवलम्बन गर्न सकिने ।<br>• चौमासिकरुपमा सार्वजनिक सुनवाई गर्न सक्ने<br>• नियमित सार्बजनिक सुनुवाइमा लक्षीत बर्ग समुदायको सहभागिता सुनिश्चित गर्न सकेमा समयमै सवाल उठान भई सम्बोधनका लागि सहज हुने ।<br>• महिला, दलित, बालबालिका, जेष्ठनागरीक, अपांगहरुका लागि बिनियोजन गरेको बजेट सबै सरोकारवालाको जानकारीका लागि नियमित सार्बजनिक गर्ने गरेमा उनीहरुले प्रत्यक्ष लाभ लिन सहज हुने ।<br>• लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई | • स्थानीय तहले भ्रष्टाचार सम्बन्धी कार्यविधि बनाउन जनप्रतिनिधि र कर्मचारीको प्राथमिकतामा पर्न नसक्ने ।<br>• सुचना प्रणाली लैससासमैत्री बनाउन कम चासो<br>• स्थानीय तहमा भाषा विज्ञको अभाव<br>• समुदायमा समान बुझाईको अभाव<br>• सार्वजनिक सरोकारका सूचनाहरु सवै लक्षित बर्ग सम्म पुग्न नसक्नु ।<br>• जनचेतनामूलक अभियान कार्यक्रम संचालनका लागि पर्याप्त बजेटको कमी ।<br>• पालिकाबाट सार्बजनिक गरिएका सुचना तथा जानकारीहरु सबै सरोकारवालाको पहुँच हुन नसक्नु ।<br>• पालिकाले सबै |

| | | | | |
|---|---|---|---|---|
| | • लैङ्गिक समानतातथा समावेशी विकासको लागि सञ्जालको प्रतिनिधिहरुलाई क्षमता अभिबृद्धि कार्यक्रम सञ्चालन गरेको | विश्लेषण गर्ने ।<br>• पालिकाले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने ।<br>• महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि पालिकाले राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारितप्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनालाई स्थानीयकरण गर्न | पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्न सक्ने<br>• महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारितप्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारले पालिको कार्ययोजना बनाउन बजेट विनियोजन गर्न सक्ने | वडामा इन्टरन्टको ब्यबस्था गरे पनि प्राबिधि अबरोध भई सबै स्थानमा समयमै सुचना प्रबाह गर्न र सुचना सेवा लिन कठीनाई ।<br>• लक्षित बर्ग समुदायलाई बिकास प्रक्रियामा सहजै सहभागि गराउन नसक्नु ।<br>• राष्ट्रिय कार्ययोजनाहरु लाई स्थानीयकरण गर्न स्थानीय तहमा विज्ञको अभाव |

## १२. लै.स.सा.स. विकास कार्ययोजना तथा कार्यान्वयन तालिका

**पाँचखाल नगरपालिका**
**लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना**
बैशाख, २०८१

| मूल शिर्षक | | अवस्था सुधारका लागि आवश्यक क्रियाकलाप | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने । नपर्ने | |
|---|---|---|---|---|---|---|---|---|
| पूर्णाङ्क | प्राप्ताङ्क | | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **नीति, कानून र योजना २०** | ० | लै.स.सा.स .मैत्री नीति निर्माण गर्न टोली निर्माण गर्ने | महिला तथा बालबालिका शाखा | नगर पालिका | | अषाढ २०८१ | | √ |
| | ०.५ | नयाँ बन्ने र बनेको कानुनलाई लै.स.सा.स .मैत्री भए नभएको अध्ययन गर्न तथा पुनरावलोकन गर्ने | प्रशासन शाखा | नगर पालिका | गाउँपालिका | नियमित | बजेट विनियोजन गर्नु पर्ने | |
| | ० | लै.स.सा.स .नीति र योजना बनाउने | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | जेष्ठ १५ २०८१ | बजेट विनियोजन गर्नु पर्ने | |
| | ०.५ | नगरपालिकामा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्न श्रम व्यवस्थापन कार्यविधि बनाउने | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | अषाढ २०८१ | बजेट विनियोजन गर्नु पर्ने | |
| | ०.५ | नगर पालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारणगर्दा महिला, बालबालिका, तथा बञ्चितीकरणमा परेको समूहको लागि वा प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने | स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति | नगर पालिका | नगरपालिका | अषाढ २०८१ | लै.स.सा.स .कार्यन्वयन समिति | √ |
| | ०.५ | वस्तीस्तरबाट योजना सूची संकलन गर्दा लक्षित समूहहरूको सक्रीय सहभागितामा तयार हुने र उनीहरुले छनौट गरेका योजना प्राथमिकीकरण गर्ने | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | जेष्ठ २०८१ | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | ० | लै.स.सा.स .मैत्री विपत व्यस्थापन कार्यविधि निर्माण | विपत व्यव स्थापन समिति | नगर पालि का | नगरपा लिका | अषाढ २०८१ | | |
| | ०.५ | योजना तर्जुमा गर्दा महिला तथा बञ्चितिकरणमा परेका समूहहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल गर्ने | महिला तथा बालबा लिका शाखा | नगर पालि का | नगरपा लिका | जेष्ठ २०८१ | | √ |
| | ० | योजना तर्जुमा गर्दा महिला र पुरुष एवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्था विश्लेषणको आधारमा आवश्यकता पहिचान गरी सो अनुसारको कार्यक्रम तय गर्ने | योजना शाखा | नगर पालि का | नगरपा लिका | जेष्ठ २०८१ | | √ |
| | | नगरपालिकाले दीगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्न बजेट विनियोजन गर्ने | महिला तथा बालबा लिका शाखा | नगर पालि का | नगरपा लिका | कात्तिक २०८१ | विज्ञ | |
| | ० | बजेट तथा कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका अपाङ्ग जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्न वर्गकासमूहहरूसँग बसेर समस्या केलाउने ९विश्लेषण० गर्ने | महिला तथा बालबा लिका शाखा | नगर पालि का | नगरपा लिका | जेष्ठ २०८१ | | √ |
| | ०.५ | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमता विकास कार्ययोजना कार्यान्वयनका लागि बजेट ब्यवस्था गर्ने | महिला तथा बालबा लिका शाखा | नगर पालि का | नगरपा लिका | अषाढ २०८१ | | √ |
| संस्था गत व्यव स्था २० | ०.५ | नगरपालिकाक निर्णायक तहमा ९कर्मचारी।पदाधिकारी० महिलाहरूको समान रुपमा (५०।५० प्रतिशत) प्रतिनिधित्व सुनिश्चित गर्न | सामा जिक विका स समिति | नगर पालि का | नगरपा लिका | नियमित रुपमा | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नीतिगत निर्णय गर्ने | | | | | | |
| | ० | लैङ्गिक र समावेशीकरण मैत्री कर्मचारी भर्ना सम्बन्धी नियमावली बनाउने | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | अषाढ २०८१ | | √ |
| | ०.५ | विषयगत शाखाका कर्मचारी सांकेतिक भाषाको तालिम प्रदान गर्ने | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | असोज २०८१ | विज्ञ | |
| | ० | जनप्रतिनिधि र कर्मचारीहरुको क्षमता अभिबृद्धिको लागि सकरात्मक विभेदको नीति निर्माण गर्ने | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | कात्तिक २०८१ | विज्ञ | |
| | ०.५ | नगरपालिकाले गठन गर्ने समिति, उपसमिति र कार्यदलहरूले महिला तथा वञ्चितिकरणमा परेको समुदायको हितहुने गरी दिइएका नीतिगत र कार्यगत सुझावहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने | योजना शाखा | नगर पालिका | नगरपालिका | नियमित रुपमा | | √ |
| | ० | नगर पालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना तथ्याँक संकलन गर्दा बेरोजगार तथा गरिबको पहिचान गर्ने गरी छुट्टाछुट्टै नक्साङ्कन गर्ने | महिला तथा बालबालिका शाखा र स्वारोजगार शाखा | नगर पालिका | नगरपालिका | मसिर २०८१ | विज्ञ | |
| मानव संसाधन तथा क्षमता विकास २० | ०.५ | लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गरी बजेट विनियोजन गर्ने | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | पुस २०८१ | | √ |
| | ०.५ | नगरपालिकाको सबै पदाधिकारी र कमर्चारीहरू र लक्षित वर्गलाई प्रदान गरिएको लैङ्गिक तथा समावेशी विकास, लैंङ्गिक हिंशा सम्बन्धी तालिमको प्रभाव | अनुगमन तथा मुल्यांकन समिति | नगर पालिका | नगरपालिका | नियमति रुपमा | विज्ञ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | मुल्यांकन प्रतिवेदन तयार गर्ने | | | | | |
| | ०.५ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्दताहरूका बारेमा पालिकाका पदाधिकारीहरू वा कर्मचारीहरूलाई अनुशिक्षण दिने | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | कात्तिक २०८१ | विज्ञ | |
| | ० | लैङ्गिक हिँसा रहित पालिका घोषणाको लागि नीतिगत व्यवस्था गर्ने | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | अषाढ २०८२ | विज्ञ | |
| | ०.५ | स्थानीय तहका महिला तथा समावेशी समूहबाट निर्वाचित भएका समेत केही जनप्रतिनिधिहरू तथा पालिकामा कार्यरत कर्मचारीहरुलाई नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, अन्तर सरकार वित्त व्यवस्थापन ऐन, कर्मचारी समायोजन ऐन, मुलुकी संहिताहरू, बिषयगत कानूनहरू, पालिकाले जारी गरेका कानूनहरू र अन्य प्रचलित महत्वपूर्ण कानूनको बारेमा अभिमुखीकरण गर्ने | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | फागुन २०८१ | विज्ञ | |
| | ० | स्थानीय तहका कार्यपालिका सदस्यहरू, सभाका सदस्यहरू र पालिकाका प्रमुख प्रशासकीय अधिकृत लगायत सबै शाखा प्रमुखहरूलाई कानूनको मस्यौदा तर्जुमा सम्वन्धी प्रक्रिया र समाधान गर्नु पर्ने मूल समस्या तथा सवाल लगायत मुख्य बिषयवस्तुका सम्वन्धमा अभिमुखीकरण गर्ने | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | मांघ २०८१ | विज्ञ | |
| | ०.५ | महिलाहरूको लागि संचालित कानूनी शिक्षा सम्बन्धी कार्यक्रमहरू संचालन नभएको र यसले महिलाको कानूनी हक | महिला तथा बालबालिका | नगर पालिका | नगरपालिका | नियमित रुपमा | श्रोत व्यक्ति | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | अधिकार, एकल महिला, चेलिबेटी बेचविखन विरुद्ध कार्यक्रम, छाउपडी प्रथा विरुद्ध कार्यक्रम, यौनहिँसा बिरूद्धका कार्यक्रमहरूको प्रभाव मुल्यांकन प्रतिवेदन तयार गर्ने । | शाखा | | | | | |
| सेवा प्रवाह २० | ०.५ | नगरपालिकाले लैससासमैत्री वातावरण संरक्षण र प्रवर्द्धन नीति अवलम्बन गर्ने | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | अषाढ २०८१ | | √ |
| | ० | हाट बजार व्यवस्थापन कार्यविधि निर्माण | कृषी सहकारी | कार्य पालिका | नपा | असार मसान्त | | √ |
| | ०.५ | स्थानीय तहको कार्यालय, अस्पताल वा स्वास्थ्य चौकी र सम्भव भएका सार्वजनिक स्थलहरुमा बच्चालाई स्तनपानका निमित्त अलग्गै कक्ष र समयको व्यवस्था सम्वन्धी नीति बनाई कार्यान्वयन गर्ने | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | अषाढ २०८१ | | √ |
| | ०.५ | अशिक्षित महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू अभिभावक शिक्षा, किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक, बच्चादेखि बच्चा कक्षा, आदि संचालन गर्नेका लागि बजेट विनियोजनलाई नियमितरुपमा गर्ने । | महिला तथा बालबालिका शाखा | नगर पालिका | गाउँपालिका | फागुन २०८१ | | √ |
| | ० | कुहिने र नकुहिने घरायसी फोहोर छुट्याउने व्यवस्था, फोहोर संकलन तथा विसर्जन, घरघरमा भान्छाको फोहोर र पानीबाट करेसा बाली तथा गमला र फुलबारी जस्ता कार्यक्रममा महिला र पुरूषको समान सहभागिता हुनुपर्ने जस्ता चेतना अभिबुद्धि कार्यक्रमलाई बार्षिक | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | अषाढ २०८१ | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | नीति तथा कार्यक्रममा राखी बजेट बिनियोजन गर्ने । | | | | | | |
| | ०.५ | स्थानीय सरकारको योजना तर्जुमा गर्दा बेरोजगार तथा गरीबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगार मूलक, आयमूलक र सीपमूलक कार्यक्रम बार्षिक योजनामा राखी बजेट विनियोजन गर्ने । | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | अषाढ २०८१ | | √ |
| | ० | सहकारी ऐन बमोजिम गरिब तथा वञ्चितिकरणमा परेको समुदायको पहुँच र क्रयशक्ति अनुरूप सुपथ मूल्य सहकारी पसलहरू सञ्चालन गर्न बजेट विनियोजन गर्ने | कृषि शाखा ÷पशु पक्षि शाखा | नगर पालिका | नगरपालिका | अषाढ २०८१ | थप बजेट | |
| सुशासन तथा उत्तर दायित्व २० | ०.५ | नगरपालिकाले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकारलाई सुनिश्चित गर्ने सुशासन प्रवद्र्धन कार्यविधि तयार गर्ने । | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | असोज २०८१ | विज्ञ | |
| | ०.५ | नगरपालिकाले विधिको शासन, व्यापक जनसहभागिता, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा वञ्चितिकरणमा परेको समुदायलाई अग्राधिकारलाई सुनिश्चित गर्ने सुशासन प्रवद्र्धन कार्यविधि तयार गर्ने । | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | फागुन २०८१ | | √ |
| | ० | सामाजिक परिक्षण गर्ने | प्रशासन शाखा | नगर पालिका | नगरपालिका | नियमित रुपमा | | |
| | ०.५ | पालिकाले गर्ने | प्रशास | नगर | नगरपा | नियमित | | √ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित वर्गले उठान गरेको सुझाबलाई कार्ययोजन बनाई कार्यान्वयन गर्ने | न शाखा | पालिका | लिका | रुपमा | | |
| | ०.५ | स्थानीय सरकारले नियमितरुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको बारेमा महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठ नागरिकलाई जानकारी गराउन वडामा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने । | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | भाद्र २०८१ | | √ |
| | ० | स्थानीय सरकारले समावेशीकरण तथा लैंङ्गिक समानता सम्बन्धी सूचना प्रवाह र स्थानीय सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने । | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | नियमित रुपमा | सुचना तथा प्रविधि शाखा | |
| | ०.५ | पालिकाले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकासका कार्यक्रमको संचालनबाट सरोकारवालालाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने । | महिला तथा बालबालिका शाखा | नगर पालिका | नगरपालिका | नियमित रुपमा | थप बजेट | |
| | ०.५ | महिला विरुद्धहुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव | लै.स. सा.स .कार्यान्वयन समिति | नगर पालिका | नगरपालिका | अषाढ २०८१ | श्रोत व्यक्ति | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | अधिकार कार्ययोजना तथा छुवाछुत बिरूद्धको कार्ययोजनामा स्थानीय सरकारले पालिको कार्ययोजना बनाउन बजेट विनियोजन गर्ने | | | | | | | |

**१३. निष्कर्ष**

पाँचखाल नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षणलाई आफनो प्राथमिक दायित्व मानी आवश्यक चरण र प्रक्रिया पुरा गरी दुई दिने कार्यशाला सफलता पुर्वक सम्पन्न भएको थियो । नगरपालिकामा गठन गरिएको कार्यदल र विज्ञको सहयोगमा पालिकाका विषयगत शाखाका कर्मचारीहरु तथा अन्य पदाधिकारीहरुसंग छलफल गरी नगरपालिकामा लैङ्गिक संवेदनशीलताको विषयलाई अध्ययन गरेको थियो । यसै क्रममा नगरपालिकामा उपलब्ध नीति तथा कार्यक्रम लगायतका अन्य कार्यविधि, लै.स.सा.स. रणनीति लगायतका दस्तावेजहरु अध्ययन समेत गरिएको थियो ।

नगरपालिकाको पदाधिकारी तथा कर्मचारीहरु वीच छलफल गरि सुचकहरुमा अंक प्रदान गरिसकेपछि दोस्रो दिन  लै.स.सा.स. अभिमुखिकरण तथा सुचकहरुमा थप छलफल गरिएको थियो । यसै गरि सुचकहरुको प्राप्ताङ्कको आधारमा अन्तराल विश्लेषण गर्दै आगामी दिनमा पालिकाले गर्नु पर्ने कामको सुची सहितको कार्य योजना तयार गरिएको थियो ।

लै.स.सा.स. परिक्षण नगरपालिकाले विगतलाई विश्लेषण गरी सवल पक्ष र आगामी दिन अवलम्बन गर्नु पर्ने क्षेत्र पहिचान गरी त्यसलाई पुरा गर्न कार्ययोजना बनेको छ । यस क्रममा पालिकाले जनाएका प्रतिबद्धताहरु र सुधार गर्नुपर्ने पक्षहरुलाई सम्बोधन हुनेगरी तय गरेका बार्षिक कार्ययोजनाहरु पुर्णत कार्यान्वियन भई लैङ्गिक परिक्षण कार्यलाई निरन्तरता दिन सकेमा स्थानीय तहले लैङ्गिक मूलप्रबाहीकरण तर्फ अग्रसरता हुने देखिन्छ ।

यसै क्रममा नगरपालिकाकामा उपलब्ध नीति तथा कार्यक्रम लगायतका अन्य कार्यविधि एवं दस्तावेजहरु अध्ययन समेत गरिएको थियो । नगरपालिकाबाट सञ्चालन भइरहेका योजनाहरुका उपभोक्ता समितिहरुमा लैङ्गिक संवेदनशीलता कार्यान्वयनको प्रभावकारितालाई लक्षित समुहमा छलफल गरि अध्ययन गरिएको थियो । लै.स.सा.स. परिक्षणलाई विभिन्न चरणमा सम्पन्न गरिएको थियो । लै.स.सा.स. परिक्षणको क्रममा जनप्रतिनिधि र कर्मचारीहरुसंग औपचारिकता तथा अनौपचारिक छलफल भएको थियो । छलफल गर्दा लैससासको क्षेत्रमा समान्यरुपमा गर्न सक्ने कुराहरु जस्तैः लै.स.सा.स. फोकल पर्सनलाई कार्य क्षेत्र सहितको चिठी नदिएको, लक्षित वर्गलाई पालिकाले निश्चित प्रतिशत बजेट विनियोजन नगरेको आदी कुरालाई स्वीकार गरेको र आउने दिनमा यसलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न प्रतिवद्धता व्यक्त गर्नुका साथ लै.स.सा.स. परिक्षणको कार्य योजनालाई कार्यान्वयन गर्न प्रतिवद्धता पत्र समेत उपलब्ध गराएकोले पालिका लै.स.सा.स. को क्षेत्रमा संवेदनशिल भएको महसुस भयो ।

**१४. सुझावहरु**

पाँचखाल नगरपालिकामा लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण क्रममा दुई दिनसम्म सुचकमा छलफल गरी कार्ययोजना बनेको छ  । लै.स.सा.स.  परिक्षणको क्रममा गरिएको छलफल,

अवलोकन तथा लेखाजोखाको आधारमा स्थानीय तहहरुलाई लै.स.सा.स. मैत्री बनाउनका लागि निम्न सुझावहरु छन् ।

- लै.स.सा.स. नीति र कार्ययोजना बनाउनु पर्ने,
- नगरपालिकाले अनिवार्य लै.स.सा.स. टोली गठन गरी नीति तथा कानुनहरुलाई लै.स.सा.स. मैत्री बनाउने,
- लै.स.सा.स. लक्षित सेवा प्रवाहका लागि पालिकामा फोकल पर्सन सहितको हेल्पडेस्क स्थापना गर्नुपर्ने,
- लै.स.सा.स. परिक्षणबाट देखा परेका कमजोर पक्ष तथा कम नतिजा प्राप्त शीर्षकहरुमाथी समिक्षा गरेर आगामी वार्षिक तथा आवाधिक योजनामा समेट्नुपर्ने,
- परिक्षपश्चात सुधार गर्नुपर्ने पक्षमाथी बनाईएको कार्ययोजनालाई कार्यान्वयन गर्न विषेश नीति र वजेटको व्यवस्था गरी योजना कार्यान्वयन समिति बनाई अघि बढ्नुपर्ने ।
- लक्षित वर्गलाई पालिकाले निश्चित प्रतिशत तोकी विनियोजन गर्नु पर्छ ।
- लै.स.सा.स. रणनीतिलाई अनुमोदन गरी लै.स.सा.स परीक्षण प्रत्येक वर्ष गर्न वातावरणको जना गर्नु पर्छ ।
- कुहिने फोहर र नकुहिने फोहोर व्यवस्थापन र तत् सम्बन्धी कार्यविधि निर्माण गरिनु पर्छ ।
- लै.स.सा.स मैत्री श्रम निति बनाउनु पर्ने ।
- राष्टिय कार्ययोजना, मानव मानव अधिकार कार्य योजना, दिगो विकास लक्ष्यको ५ न बुदालाई स्थानीयकरण गर्नु पर्ने ।
- लै.स.सा.स परिक्षण पश्चात बनेको कार्ययोजनालाई अगामी बार्षिक नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयनको सुनिश्तता गरिनु पर्छ ।
- पालिकाको लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण रणनीतिलाई प्रभावकारीरुपमा कार्यन्वयन गर्नु पर्छ
- लै.स.सा.स. का क्षेत्रमा रहेका बिद्यमान समस्या समाधान गर्न लैससासमैत्री कानुन, नीति तथा योजना निर्माण गरी प्रभावकारी कार्यान्वयन हुनु पर्दछ ।
- योजना तर्जुमा गर्दा बेरोजगार तथा गरिबीको नक्साङ्कनको समेत आधार लिई महिला तथा बञ्चितिकरणमा परेको समुदायलाई प्रत्यक्ष लाभ हुने स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने र बार्षिक
- बजेटमा समावेश गरी कार्यान्वयन गर्ने ।
- अनुगमन गर्दा लक्षित वर्गमा परेको असर र परिणामको पनि गरिनु पर्ने ।
- योजना र कार्यक्रम प्रभाव विश्लेषण अध्ययन गरिनु प.र्ने ।
- लोकसेवा आयोगको पुर्व तयारी कक्षा सञ्चालन गर्नु पर्ने ।
- नव गठीत लै.स.सा.स. समन्वय समितिको बैठक प्रत्येक ३/३ महिनामा बसी लै.स.सा.स. परिक्षण पश्चात बनेको कार्ययोजना समिक्षा गर्ने ।
- पालिकाले बनाउने हरेक ऐन तथा कानून निर्माण, योजना तथा बजेट निर्माण, कार्यक्रम कार्यान्वयन, अनुगमन र मूल्यांकन, सामाजिक परीक्षण, सार्बजनिक सुनुवाई, सूचना प्रबाह, जन प्रतिनिधित्व तथा जनसहभागिता,
- संस्थागत तथा व्यक्तिगत क्षमता विकास आदि बिषयहरुमा सबै कागजातहरुको दस्ताबेजिकरण (documentations) चुस्तदुरुस्त राख्नुपर्ने ।

## *अनुसूची:*

## १. कार्याशाला गोष्ठीको तस्वीरहरु :




**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण**

**Gender Equality and Social Inclusion (GESI) Audit**

कार्यशाला गोष्ठी

२०८१।०१।१७ देखि १८ गते सम्म

पाँचखाल नगरपालिका

पाँचखाल, काभ्रेपलाञ्चोक

सहकार्य
चाँदनी जोशी फाउण्डेशन
काठमाण्डौ

आयोजक
पाँचखाल नगरपालिका
पाँचखाल, काभ्रेपलाञ्चोक











## २. पाँचखाल नगरपालिकाको लै.स.सा.स. दुष्टिकोण विश्लेषण गरिएको तथ्यहरु

**विनियोजन ऐन २०७९/०८० लक्षित वर्ग**

**कुल बजेट १ अर्व २९ करोड ९६ लाख ७६ हजार (कार्यक्रम बजेट)**

- **लै.स.सा.स .बजेट ३८,८०,०००**
- **०=३ प्रतिशत**
- **खर्च ५४=९४ प्रतिशत**

पाँचखाल नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, काभ्रेपलाञ्चोक
कार्यालयको कोड : ८०३२६४०४३००

कार्यक्रम / परियोजना अनुसार बजेट बिनियोजन

आ.व. : २०७९/८० अवधी : २०७९/०४/०१-२०८०/०३/३१ बजेट उपशीर्षक : पाँचखाल नगरपालिका-महिला बिकास क्षेत्र : सामाजिक विकास उप क्षेत्र : लैंगिक समानता तथा सामाजिक समावेशीकरण

रु. हजारमा

| क्र.सं. | संकेत | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | खर्च शीर्षक | स्रोत | लक्ष | इकाई | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ८०३२६४०४१०६ पाँचखाल नगरपालिका-महिला बिकास | | | | | | | | | | |
| १ | ८ | महिला लक्षित वर्ग कार्यक्रम | २२५२२ | नेपाल सरकार - समानिकरण अनुदान | २ | N/A | ४,०० | ३,४४ | ८६.१२ | ५५ |
| २ | ५ | अपाङ्गता कार्ड वितरण बैठक भत्ता खाजा भ्रमण अनुगमन भत्ता स्टेसनरी | २२५२२ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १ | N/A | ७४ | ७४ | १००.०० | ० |
| ३ | ४ | न्यून आर्थिक भएका महिला, एकल महिला, हिंसा पीडित महिलाहरुलाई सीप सम्बन्धी तालिक उद्यमीहरुलाई अनुदान सहयोग (लघु उद्ययम कार्यक्रमसँग सहकार्यमा) | २२५२२ | राजस्व बाँडफाँड - संघीय सरकार | २ | N/A | ४,०० | ३,७० | ९२.५० | ३० |
| ४ | ३ | कोसेली घर व्यवस्थापन | २२५२२ | आन्तरिक श्रोत | १ | N/A | २,०० | ९७ | ४८.५९ | १,०२ |
| ५ | ६ | जेष्ठ नागरिक, अपाङ्ग, बालबालिका, महिला र लैङ्गिक हिंसा १६ दिने कार्यक्रम र विभिन्न दिवस मनाउन | २२५२९ | आन्तरिक श्रोत | १ | N/A | १,०० | ९९ | ९९.४५ | ० |
| ६ | २ | बाल मैत्री घोषणा परामर्श तथ्यांक संकलन र नगर बाल संजाल गठन बैठक भत्ता र अनुगमन वडा नं. १-१३ | २२५२९ | राजस्व बाँडफाँड - संघीय सरकार | ४ | N/A | ७,०० | १,३० | १८.६२ | ५,६९ |
| ७ | १ | किशोरी बालबालिका समूह, समिति गठन परामर्श केन्द्र स्थापना वडा नं. १-१३ | २२५२९ | राजस्व बाँडफाँड - प्रदेश सरकार | १ | N/A | १,०६ | ० | ०.०० | १,०६ |
| ८ | ७ | महिला विकास शाखा सँग सम्बन्धित कार्यक्रम अनुगमन, दैनिक भ्रमण भत्ता | २२६११ | आन्तरिक श्रोत | १ | N/A | ५० | ० | ०.०० | ५० |
| | | | | | | कुल जम्मा | २०,३० | ११,१५ | ५४.९४ | ९,१४ |

## ३. आव २०७८/७९ को नीति तथा कार्यक्रममा लै.स.सा.स.


- बालमैत्री नगरपालिका बनाउनका लागि साझेदार सस्थासग समन्वय गरी उचित कार्यक्रम सञ्चालन गर्ने,
- निर्माणाधिन तथा बन्ने सरकारी सरचना अपाङ्गमैत्री बनाउने,
- लिङ्ग,भाषा,धर्म,जात,क्षेत्र आदीको आधारमा विभेद गरिने छैन,
- बालमजदुर मुत्त नगरपालिका घोषणाको लागि तयारी गरिने,
- लैङ्गिक समानता र लैङ्गिक हिसाको विषयमा पुरुषलाई समेत समावेश गरी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,
- समुदाय तथा सस्थाहरुसगको सहयोगमा लागु आषध रोकथाम,नियन्त्रण तथा घरेलु हिसालाई रोक लगाइने छ,
- नगरवासी जुटौ,बालविवाह रोकौ जस्ता कार्यक्रम मार्फत बालविवाह रोकथाम गर्ने
- बालमैत्री नगरपालिका घोषणा गर्ने,
- किशोरीहरुको आत्मसुरक्षा,मनोसामाजिक तथा अन्य परामर्श सेवा र जिवन उपयोगी तालिम सञ्चालन गरिने छ,
- जेष्ठ नागिरकहरुको अन्तरक्रिया कार्यक्रमबाट परम्परागत सिप र ज्ञानको प्रवर्द्धन गर्ने,
- नगरस्तरीय कोशेली घर स्थापना गर्ने,
- अपाङ्गता भएका व्यात्तिहरुलाई परिचय पत्र, स्वास्थ्य लगायतका आवश्यक सेवाहरु घुम्ति शिविर, जिवकोपार्जन सम्बन्धी तालिम सञ्चालन तथा उत्पादित वस्तुको बजारीकरणको व्यवस्था मिलाइने छ,
- नगरपालिकाको सहकार्य र समन्वयमा बाबु आमा तथा अभिभावकको मृत्यु भई वा अन्य कारणले असाहय भएका वा वेवारिसे बालबालिकाको उद्धार गर्ने,
- महिलालाई क्षमता विकास सम्बन्धी तालिमको व्यवस्था गर्ने,

## ४. न. पा. भित्र रहेका जात जाति र लक्षित वर्गको जनसख्या

- ब्रम्हण/क्षेत्री ११८२३
- जनजाति १८९२९
- दलित ४०६७
- मधेशी ३८
- जेष्ठ नागरिक ३२९३
- अपाङ्गता भएका व्यत्ति ५२५

## ५. कुल जनसख्या ३५,५२१

- महिला १८३०९
- पुरुष १७२१२
- लैङ्गिक तथा अल्पसख्यक ४




## ६. पाँचखाल नगरपालिकाको नितिगत विश्लेषण


**तल उल्लेखित ५१ वटा नीति, ऐन, कानून, निर्देशिका, कार्यविधि आदि निर्माण भएको**


- १८ वटा ऐन
- १ वटा नियमावली
- २० वटा कार्यवधि
- ४ वटा निर्देशिका
- १ दिग्दर्शन,
- १ लै.स.सा.स .रणनीतिक योजना
- २ कानून सग्रह

## लै.स.सा.स. सम्बन्धी :


- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण रणनीति पाँचखाल नगरपालिका, काभ्रे २०७९
- पाँचखाल नगरपालिकाको बालअधिकार समिति (गठन तथा कार्यसञ्चालन) सम्बन्धी कार्यविधि २०७८
- अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५

## ७. नगरपालिकामा कार्यरत कर्मचारीहरुको विवरण





# अस्थायी करार दैनिक ज्यालादारीमा लैङ्गिकता





# अस्थायी करार दैनिक ज्यालादारीमा लैससास



स्वास्थ्य शाखा र स्वास्थ्य सस्थाका स्थायी करार स्थायी कर्मचारीमा  लैङ्गिकता




## स्वास्थ्य शाखा र स्वास्थ्य सस्थाका स्थायी करार स्थायी कर्मचारीमा  लैससास



# ८. कार्यक्रम तालिका

### पाँचखाल नगरपालिकामा लै.स.सा.स. परिक्षण कार्यशालाको विषयवस्तु तथा तालिका

| दिन | समय | क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| **पहिलो दिन** | १०:००–१०:३० | शुभारम्भ, परिचय, अपेक्षा संङ्कलन, तालिम व्यवस्थापन, समूह विभाजन आदि | |
| | १०:३०–१२:०० | • लैससास मूलप्रवाहीकरण र स्थानीय तहमा  लैससास परीक्षणबारे अवधारणा र लैससास परीक्षणका गर्नुको औचित्य | |
| | १२:००–१३:३० | • लैससास परीक्षण विधि, प्रक्रिया र सूचक माथि छलफल | |
| | १३:३०–१४:०० | खाजा विश्राम | |
| | १४:००–१५:३० | • लैससास परीक्षणका मुख्य सूचक तथा सहायक सूचकमाथि समूहगत छलफल तथा अंक प्रदान | |
| | १५:३०–१७:०० | • लैससास परीक्षणका मुख्य सूचक तथा सहायक सूचकमाथि समूहगत छलफल तथा अंक प्रदान<br>• माकुरे जालो र बार चार्टमार्फत नतिजा प्रस्तुतिकरण | |
| | १७:००–१७:१५ | सङ्क्षेपीकरण र पृष्ठपोषण संकलन | |
| **bf];\|f] lbg** | १०:००–१०:३० | अघिल्लो दिनको पुनरावलोकन | |
| | १०:३०–१२:०० | • पालिकाको लैससासका हिसाबले क्ष्इत ब्लबथिकष्क सबल पक्ष, कमजोर पक्ष, अवसर र चुनौती विश्लेषण | |
| | १२:००–१३:३० | • लैससास मूलप्रवाहीकरणको लागि कार्ययोजना निर्माण | |
| | १३:३०–१४:०० | खाजा विश्राम | |
| | १४:००–१५:३० | • लैससास मूलप्रवाहीकरणको लागि कार्ययोजना निर्माण | |
| | १५:३०–१७:०० | • लैससास मूलप्रवाहीकरण कार्ययोजना प्रस्तुतिकरण | |
| | १७:००–१७:१५ | सङ्क्षेपीकरण तथा समापन | |